बारा जिल्ला अदालत

## कपडा लिलाम बिक्री गर्ने सम्बन्धी जरुरी सुचना

दोस्रो पटक सुचना प्रकाशन मिति २०८१।०२।०२

ईलाका प्रहरी कार्यालय सिमराको प्र.नि. शुभाष हमाल समेतको प्रतिवेदनले नेपाल सरकार र प्रतिवादी सरोज राउत कुर्मी समेत भएको राजस्व चुहावट (०७५-C2-००३५) मुद्दामा दशी स्वरुप दाखिल हुन आई यस अदालतमा जिन्सी लगत नं.३९४ मा आम्दानी बाँधिएका निम्न कपडाहरु जे- जती थान जे-जस्तो अवस्थामा छन सोही अवस्थामा जिल्ला अदालत नियमावली, २०७५ को नियम ९२ (९) आर्थिक ऐन नियम समेत बमोजिम डाँक बढावढ द्वारा लिलाम बिक्री गरिने भएकोले मिति २०८०।०९।१७ गतेको निर्णय र मिति २०८१।०१।०३ को मुल्याङ्कन समितिको निर्णयानुसार ईच्छुक ब्यक्ति तथा फर्महरुबाट देहायका शर्तहरुको अधिनमा रही डाँक बढाबढको लागी प्रथम पटक मिति २०८१।१।१४ मा लिलाम हुने सुचना प्रकाशन गरिएकोमा कोही कसैले लिलाम सकार गर्न नआएकोले पुनः दोस्रो पटक यो सुचना अह्वान गरिएको बेहोरा सम्बन्धित सबैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ ।

### जिन्सी सामानहरुको विवरण

| क्र.सं. | लगत नं. | मुद्दा | मुद्दा नं. | जिन्सी समानको विवरण | एकमुष्ट कायम मुल्य | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | ३९४ | राजस्व चुहावट | ०७५-c२-००३५ | सुटिङ्ग कपडा २००४ मिटर | रु.१०,०२,०००।-(दश लाख दुई हजार रुपैया) | |
| २. | ऐ. | ऐ. | ऐ. | कुर्ता सलवार १३३१ थान | रु.६,६५,०००।-(छ लाख पैसठ्ठी हजार रुपैया) | |
| ३. | ऐ. | ऐ. | ऐ. | सुती साडी थान-१५० | रु.४५,०००।-(पैतालिस हजार रुपैया) | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४. | ऐ. | ऐ. | ऐ. | लहेङ्गा ५३ थान | रु.१,०६,०००।-(एक लाख छ हजार रुपैया) | |
| | | | | **जम्मा कायम मोल** | **रु.१८,१८,०००।- (अक्षरेपी अठार लाख अठार हजार रुपैया)** | |

१. लिलामद्वारा बिक्री गरिने मिति, समय र स्थानः- २०८१ साल जेठ महिना २० आईतबार गते दिउँसो २:०० बजे देखि ३:०० बजे सम्म यस अदालतको तहसिल शाखा र सो दिन सार्वजनिक विदा पर्न गए सोको भोलिपल्ट सोही समय र स्थानमा हुनेछ ।

२. लिलाममा सहभागी हुन चाहने ब्यक्ति वा संस्थाले मिति २०८१।०२।१८ गते दिउँसो कार्यालय समय सम्म ब्यक्तिको लागी नेपाली नागरिकताको प्रमाणपत्र र संस्था भए कर चुक्ताको प्रमाणपत्र र नविकरण सहितको फर्म दर्ता प्रमाणपत्रको प्रतिलिपि समेत साथै राखी निवेदन दस्तुर रु.१०००।– (एक हजार) फिर्ता नहुने गरी यस अदालतको तहसिल शाखामा बुझाउनु पर्नेछ ।

३. निवेदन दर्ता नगराई सो मिति समयमा उपस्थित हुने ब्यक्ति वा फर्मलाई अन्य कुनै मौका प्रदान गरिने छैन र निर्धारित समय सम्ममा निवेदन दर्ता नगराउनेलाई लिलाममा सहभागी गराईने छैन ।

४. सम्पुरण कपडाहरु एकमुष्ट रुपमा सकार गरिने छ।

५. लिलाममा आफुले कबोल गरेको अंकको १० प्रतिशतले हुने रकम नगदै धरौट राख्नु पर्नेछ । लिलाम सम्पन्न हुदाँ सबभन्दा बढी अंक कबोल गर्ने ब्यक्ति वा फर्मको बाहेकको धरौटी सोही दिन फिर्ता गरिनेछ ।

६. डाँक सकार गरि लिनेले ७ दिन भित्र बाँकी रकम दाखिला गरी रकम दाखिला गरेको मितिले १५ दिन भित्र सामान उठाई लैजानु पर्नेछ । ७ दिन भित्र आफुले कबोल गरेको रकम दाखिला नगरेमा १० प्रतिशत रकम कानून बमोजिम जफत हुनेछ ।

७. यस सम्बन्धि थप जानकारी लिनु परे कार्यालय समयभित्र यस अदालतको तहसिल शाखामा सम्पर्क गर्न सकिनेछ ।

८. लिलाम सकार गरेको समान जे जति जे- जस्तो अवस्थामा सोही अवस्थामा लिई जाने र ओसार पसार गर्दा लाग्ने खर्च लिलाम सकारकर्ता स्वयंमले तिर्नु पर्नेछ।

९. माथी कायम गरिएको मूल्य मु.अ.क.बाहेकको हो।

तहसिलदार
रा.प. तृतीय